## संवत् २०८० साल वैशाख ५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय सतर्कता केन्द्र सञ्चालनसम्बन्धी विधेयक तर्जुमा गर्नेसम्बन्धी अवधारणापत्रउपर सैद्धान्तिक स्वीकृति दिने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः दक्षिण कोरियामा आयोजना हुने Capacity building training on Cyber Crime कार्यक्रममा नायब महान्यायाधिवक्ता पदम प्रसाद पाण्डे र गोपाल प्रसाद रिजाललाई तथा चीनमा आयोजना हुने Seminar on Law Enforcement Co-operation कार्यक्रममा नायब महान्यायाधिवक्ता विश्वराज कोइरालालाई सहभागी हुन स्वीकृति दिने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय योजना आयोगका सदस्यमा डा. प्रभु बुढाथोकी, डा. रामपदारथ विच्छा र डा. रमेशचन्द्र पौडेललाई नियुक्त गर्ने ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक प्रजेश सिंह हमालको सरुवा तथा सहायक अनुसन्धान निर्देशक किशोरकुमार श्रेष्ठ समेत २ जनालाई अनुसन्धान निर्देशक पदमा बढुवा नियुक्ति तथा पदस्थापन गर्ने ।

५. अर्थ मन्त्रालयः अजरबैजानको बाकुमा आयोजना हुने ASOSAI Working Group on SDGs को स्थलगत वार्षिक बैठकमा सहभागी हुन उप-महालेखापरीक्षक श्री राममाया कुँवरलाई स्वीकृति प्रदान गर्ने ।

६. अर्थ मन्त्रालयः लेखापरीक्षणमान बोर्डको सदस्यमा चार्टड एकाउन्टेन्ट भोजराज पाण्डेलाई मनोनयन गर्ने ।

७. अर्थ मन्त्रालयः सार्वजनिक संस्थान सुझाव समिति अवधारणा पत्र, २०८० स्वीकृत गर्ने र शंकर प्रसाद अधिकारीको अध्यक्षतामा तीन सदस्यीय संस्थान सुझावसम्बन्धी समिति गठन गर्ने ।

८. अर्थ मन्त्रालयः अर्थ मन्त्रालयको वरिष्ठ आर्थिक सल्लाहकारमा डा. विश्वनाथ पौडेल र डा. पोषराज पाण्डेयलाई नियुक्त गर्ने ।

९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः नेपाल इन्जिनियरिङ्ग सेवा, केमेष्ट्री समूहको राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव (प्रा.) पदमा तारादत्त भट्टलाई नियुक्त तथा पदस्थापन गर्ने।

१०. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः काठमाडौमा आयोजना हुने पेट्रोलियम तथा ग्याँस सम्बन्धी नेपाल-भारत संयुक्त कार्य समूहको बैठकमा सहभागी हुन सहसचिव राधिका अर्यालको प्रतिनिधिमण्डललाई स्वीकृति दिने ।

११. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः धादिङ-मझिमटार ३३ के.भी. सवस्टेशन निर्माणको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने ।

१२. गृह मन्त्रालयः राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमार्फत सुरक्षित तवरले नागरिकको विवरण प्रमाणीकरण एवं अन्तर प्रणाली आबद्धतासम्बन्धी कार्यविधि, २०७९ खारेज गर्ने तथा सोसम्बन्धमा आवश्यक अध्ययन गरी प्रतिवेदन पेश गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गर्ने ।

१३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः स्वास्थ्य कार्यालय प्यूठानलाई सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने ।

१४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः जिल्ला ट्राफिक प्रहरी कार्यालय स्याङ्जालाई सार्वजनिक जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

१५. रक्षा मन्त्रालयः काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति

दिने ।

१६. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका महासेनानी रत्न बहादुर गोदारलाई सहायक रथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने ।

१७. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक हवाई सेवा, हवाई सम्भार समूहका महासेनानीद्वय राजेश शाह र खडेन्द्र कुमार पाण्डेको सरुवा गर्ने ।

१८. रक्षा मन्त्रालयः नेपाली सेनाको सैनिक साधारण सेवाका सेनानी भिम प्रसाद काप्रीलाई अवकाशपूर्व प्रमुख सेनानी दर्जामा मानार्थ बढुवा गर्ने

१९. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका प्रमुख सेनानी सन्जय कुमार रन्जितलाई महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने ।

२०. रक्षा मन्त्रालयः काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना अन्तर्गत ललितपुर जिल्लाको खोकना इलाकाको जग्गा प्राप्ति सम्बन्धी समस्या समाधान गर्न उपप्रधानमन्त्री एवं रक्षामन्त्रीको संयोजकत्वमा पन्ध्र सदस्यीय समिति गठन गर्ने ।

२१. रक्षा मन्त्रालयः राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) (तेस्रो संशोधन) आदेश, २०८० स्वीकृत गर्ने ।

२२. वन तथा वातावरण मन्त्रालयः सुनिगाड जलविद्युत आयोजना (११.०५ मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने ।

२३. वन तथा वातावरण मन्त्रालयः नेपाल इन्जिनियरिङ्ग सेवा, जनरल फरेष्ट्री समूहको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव (प्रा) वा सोसरहको पदमा मोहनराज काफ्लेलाई नियुक्त तथा पदस्थापन गर्ने ।

२४. वन तथा वातावरण मन्त्रालयः माथिल्लो रिचेत खोला जलविद्युत आयोजना (२ मे.वा.) लाई राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने ।

२५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूहको राजपत्रांकित प्रथम श्रेणीको पदमा बसन्त प्रसाद कोइरालालाई नियुक्त तथा पदस्थापन गर्ने ।

२६. रक्षा मन्त्रालयः काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको निर्माण अवधि संवत् २०८३ चैत मसान्तसम्म थप गर्ने ।

**संवत् २०८० साल वैशाख १२ गते बसेको मन्त्रिपरिषद् बैठकका उपस्थिति तथा निर्णयहरूः**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिवको भारत भ्रमण स्वीकृत गर्ने ।

२. अर्थ मन्त्रालयः एमसिए-नेपालले काठमाडौंको लप्सीफेदीदेखि नुवाकोटको रातमाटे हुँदै नेपाल-भारत सिमानासम्म निर्माण गर्ने सवस्टेसन र बिद्युत प्रसारण लाइन तथा त्यसको मार्गाधिकार क्षेत्रमा पर्ने घर जग्गाको क्षतिपूर्ति रकम निर्धारण गर्न गठित क्षतिपूर्ति निधारण समितिको अध्यक्षमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई र विज्ञ सदस्यमा नेपाल विद्युत प्राधिकरणका सम्वन्धित जिल्ला स्थित कार्यालयका प्रमुख (इन्जिनियर) लाई तोक्ने ।

३. अर्थ मन्त्रालयः आर्थिक वर्ष २०७९/८० मा प्रदेश र स्थानीय तहलाई हस्तान्तरण हुन बाँकी

अन्तिम किस्ताको वित्तीय समानीकरण अनुदानको रकम हाललाई पचास प्रतिशत हस्तान्तरण गर्ने ।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिवलाई जर्मनीमा हुने Executive Exchange Visit on energy efficiency कार्यक्रममा सहभागी हुन स्वीकृति दिने ।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः अमुवा वितरण केन्द्रको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः पाँचखाल वितरण केन्द्रको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने ।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव श्री दिनेशकुमार घिमिरेको नेतृत्वको टोलीलाई भारत भ्रमण गर्न स्वीकृति दिने ।

८. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रलाई राष्ट्रिय बिरुवा संरक्षण संगठन तोक्ने ।

९. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः केन्यामा आयोजना हुने High Level Policy Dialogue and Technical Exposure on Livestock Research and Development कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालय सचिव (पशुपन्छी विकास) लाई सहभागी हुन स्वीकृति दिने

१०. गृह मन्त्रालयः संयुक्त राज्य अमेरिकामा आयोजना हुने Leadership Exchange कार्यक्रममा प्रहरी महानिरीक्षक र प्रहरी अतिरिक्त महानिरीक्षकलाई सहभागी हुन स्वीकृति दिने ।

११. गृह मन्त्रालयः प्रतिनिधिसभा उपनिर्वाचन हुने मिति २०८०/०१/१० मा निर्वाचन हुने क्षेत्रमा सार्वजनिक बिदा दिने ।

१२. गृह मन्त्रालयः सशस्त्र प्रहरी (तेस्रो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने ।

१३. गृह मन्त्रालयः निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्तको थाइल्याण्ड भ्रमण स्वीकृत गर्ने।

१४. गृह मन्त्रालयः अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगको कार्यादेश जिल्ला तथा प्रदेशगत रुपमा कुनै पनि समयमा आंशिक प्रतिवेदन वा सिफारिस पेश गर्न सक्ने गरी थप गर्ने ।

१५. परराष्ट्र मन्त्रालयः नेपाल-संयुक्त अधिराज्य द्विपक्षीय परामर्श संयन्त्रको छैटौं बैठकको लागि परराष्ट्र मन्त्रालयका सचिवको नेतृत्वको प्रतिनिधिमण्डल गठन गर्ने ।

१६. रक्षा मन्त्रालयः काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने ।

१७. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः ललितपुर महानगरपालिकासमेत तेह्र वटा स्थानीय तहको परियोजनाको लागि जग्गा प्राप्त गर्न सहमति प्रदान गर्ने ।

१९. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपाल सरकार (कार्यसम्पादन) (सातौं संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने ।

२०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः संघीय संसदको दुवै सदनको चालु अधिवेशन संवत् २०८० साल वैशाख १५ गते शुक्रबार राती १२:०० बजेदेखि अन्त्य हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

२१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना (२०७९/८०-२०८७/८८) स्वीकृत गर्ने।

## संवत् २०८० साल वैशाख १९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय तथ्यांक कार्यालयका प्रमुख तथ्यांक अधिकारीको थाइल्याण्ड भ्रमण स्वीकृत गर्ने ।

२. अर्थ मन्त्रालयः मर्यादाक्रम अनुसार पदाधिकारीहरूको तलबमान स्वीकृत गर्ने ।

३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः निजगढ-हर्नैया ४०० के.भी. प्रसारण आयोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने ।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपालद्वारा हस्ताक्षरित अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आई एस ए) स्थापनासँग सम्बन्धित सम्झौता अनुमोदन गर्ने ।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नेपाल र जनवादी गणतन्त्र चीनबीच ग्रीड आबद्धताको सम्भाव्यता अध्ययनसम्बन्धी सम्झौता अनुमोदन गर्ने ।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको कार्यकारी निर्देशक पदमा नवराज ढकाललाई नियुक्त गर्ने ।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

८. परराष्ट्र मन्त्रालयः नेपाली राजदूतावास, ढाकाको जग्गाको सम्झौतामा हस्ताक्षर गर्न बङ्गलादेशका लागि नेपाली राजदूतलाई अख्तियारी दिने ।

९. परराष्ट्र मन्त्रालयः परराष्ट्र मन्त्रीलाई बेलायतका महाराज चार्ल्स तृतीयको राज्याभिषेक समारोहमा सहभागी हुन स्वीकृति दिने ।

१०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः नवलपरासी आयुर्वेद स्वास्थ्य केन्द्रलाई सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने ।

११. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः नागढुंगा सुरुङ्ग मार्ग निर्माणको लागि जग्गाको थप क्षतिपूर्ति प्रदान गर्न स्वीकृति दिने ।

१२. रक्षा मन्त्रालयः नेपाली सेनाका सैनिक साधारण सेवाका सहायक रथी सुनिल श्रेष्ठसमेत ५ (पाँच) सहायक रथीहरूको सरुवा गर्ने ।

१३. रक्षा मन्त्रालयः नेपाली सेनाका सैनिक साधारण सेवाका उपरथीद्वय सन्तोष कुमार ढकाल र बाबुराम श्रेष्ठको सरुवा गर्ने ।

१४. रक्षा मन्त्रालयः नेपाली सेनाको सैनिक साधारण सेवाका सेनानी कृष्णहरि ढकाललाई अवकाशपूर्व प्रमुख सेनानी दर्जामा मानार्थ बढुवा गर्ने ।

१५. वन तथा वातावरण मन्त्रालयः सुपर त्रिशुली जलविद्युत आयोजना (१०० मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने ।

१६. वन तथा वातावरण मन्त्रालयः वनस्पति विभागका महानिर्देशक राधा वाग्लेको राजीनामा स्वीकृत गर्ने।

१७. वन तथा वातावरण मन्त्रालयः माथिल्लो मोदी जलविद्युत आयोजना (१८.२ मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने ।

१८. सहरी विकास मन्त्रालयः सहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विभागअन्तर्गतका कार्यालय/आयोजनाहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

१९. सहरी विकास मन्त्रालयः निजी आवास पुनर्निर्माण तथा प्रवलीकरण अन्तर्गत भूमिहीन तथा भूकम्पबाट विस्थापितका लागि जग्गा व्यवस्थापन भइसकेका लाभग्राहीहरुको आवास निर्माण लगायतका कार्यहरू आगामी २०८० असार मसान्तसम्ममा सम्पन्न गर्ने।

२०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदबाट फिर्ता लिन स्वीकृति प्रदान गर्ने ।

२१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः कम्बोडियामा आयोजना हुने 7th Bi-regional Workshop on Health Financing for Universal Health Coverage in Asia & the Pacific: Making health financing work for equitable access & financial protection कार्यक्रममा अतिरिक्त स्वास्थ्य सचिव डा. टंक बराकोटीलाई सहभागी हुन स्वीकृति दिने ।

२२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः Observation visit on Tobacco Cessation to India कार्यक्रममा सहभागिताको लागि स्वास्थ्य सेवा विभागका महानिर्देशकलाई स्वीकृति दिने ।

२३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः भियतनाममा आयोजना हुने Forty-Ninth Global Fund Board Meeting कार्यक्रममा सहभागिताको लागि अतिरिक्त स्वास्थ्य सचिव डा. संगिता कौशल मिश्रालाई स्वीकृति दिने ।

२४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः लुम्बिनी गार्डेन फाउण्डेशनको समन्वयमा म्यानमारबाट प्राप्त हुने हवाइट जेडको बुद्ध मूर्ति स्थापनासहित मौन शान्ति अन्तर्राष्ट्रिय केन्द्र स्थापना गर्न स्वीकृति दिने ।

२५. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः बिरुवा संरक्षण (पहिलो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने।

२६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सजायमा छुट दिने माग दाबीसम्बन्धी निर्देशिका, २०८० स्वीकृत गर्ने।

२७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः प्रस्तावित भूउपयोग (पहिलो संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने विषयको प्रस्ताव फिर्ता पठाउने।

२८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः केही ऐनलाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने।

## संवत् २०८० साल वैशाख २० गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना अन्तर्गत रहेको भेरी कोरिडोर सिंचाइ विकास आयोजनालाई भेरी कोरिडोर सिंचाइ तथा नदी व्यवस्थापन आयोजना नामकरण गरी सुर्खेत जिल्लाको गुर्भाकोट नगरपालिका वडा नं. ५, बोटेचौरमा स्थापना गर्ने ।

२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः महाकाली नदी नियन्त्रण आयोजना, दार्चुलालाई सिंचाइ तथा नदी व्यवस्थापन आयोजनामा परिवर्तन गरी बैतडी जिल्लाको पाटनमा स्थानान्तरण गर्ने तथा नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण आयोजना, ललितपुरलाई सिंचाइ तथा नदी व्यवस्थापन आयोजनामा परिवर्तन गरी जाजरकोट जिल्लाको खलङ्गामा आयोजना कार्यालय स्थापना गर्ने ।

३. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः राष्ट्रिय न्यायिक प्रतिष्ठान परिषद्को सदस्यमा

कृष्णमान प्रधानलाई मनोनय गर्ने ।

४. वन तथा वातावरण मन्त्रालयः कोशीटप्पू वन्यजन्तु आरक्ष स्थापना गर्दा विस्थापितहरूका सन्दर्भमा थप छानविन गरी समस्या समाधान गर्न सन्तोषकुमार थारुको अध्यक्षतामा आयोग पुनर्गठन गरी म्याद थप गर्ने ।

५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः नेपाल भारत मैत्री विद्यालय सञ्चालनसँग सम्बन्धित सम्झौताको अवधि २४ अगष्ट सन् २०२३ देखि २३ अगष्ट सन् २०२८ सम्म थप गर्ने ।

६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका अर्जुन भण्डारीसमेत ४४ जना सहसचिवहरूलाई पदस्थापन, सरुवा तथा कामकाज गर्न खटाउने ।

७. संवत् २०८० साल वैशाख २४ गते आइतबारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर, काठमाडौंमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

८. 2023 ACC Men's Premier Cup क्रिकेट प्रतियोगिता बिजयी नेपाली क्रिकेट खेलाडी र मुख्य प्रशिक्षकलाई जनही छ लाख रुपैयाँ र अन्य टिम अफिसियललाई जनही तीन लाख रुपैयाँ प्रोत्साहन स्वरूप उपलब्ध गराउने।

९. कीर्तिपुर क्रिकेट मैदानलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको संरचना बनाई स्तरोन्नति गर्न आगामी आर्थिक वर्षमा बजेट विनियोजन गरी निर्माण कार्य सम्पन्न गर्ने।

१०. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका डा. वैकुण्ठ अर्याल समेत ७ जना अधिकृतलाई सरुवा गर्ने ।

## संवत् २०८० साल वैशाख २६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: राष्ट्रिय योजना आयोगका उपाध्यक्षलाई बगंलादेशको ढाकामा आयोजना हुने ICIMOD Board of Governors Meeting मा सहभागिताका लागि स्वीकृति प्रदान गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: उद्योग वाणिज्य प्रवर्द्धन सम्वाद परिषद् (गठन) आदेश, २०७५ को अनुसूची -१ संशोधन गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: 2023 United Nations Human Rights Prize का लागि मानव सेवा आश्रमलाई मनोनयन गर्ने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: दक्षिण कोरियामा सञ्चालन हुने "Capacity Building Training on Cyber Crime for Nepali Government Attorneys Nepal (२०२१-२०२३)" विषयक कार्यक्रममा नायव महान्यायाधिवक्ता डा. टेकबहादुर घिमिरेलाई सहभागी हुन स्वीकृति दिने ।

५. अर्थ मन्त्रालय: नेपाल राष्ट्र बैंकको सञ्चालकमा डा. रविन्द्र प्रसाद पाण्डेलाई नियुक्त गर्ने ।

६. अर्थ मन्त्रालय: यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालबस्तुसम्बन्धी सूचना संशोधन गर्ने ।

७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: नेपाल र संयुक्त राज्य अमेरिकाबीच भएको व्यापार तथा लगानी कार्यढाँचा सम्झौताअन्तर्गतको नेपाल-संयुक्त राज्य अमेरिका व्यापार तथा लगानी परिषद् (TIFA Council) को छैटौं बैठक काठमाडौंमा आयोजना गर्ने तथा बैठकमा सहभागी भई वार्ता गर्न मन्त्रालयका सचिव श्री मधुकुमार मरासिनीको नेतृत्वमा वार्ता टोली गठन गर्ने।

८. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: चीनको सिनचियाङ्ग स्वशासित क्षेत्रको Kashi Prefecture मा आयोजना हुने 13th Kashi Commodity Fair मा सहभागिताका लागि माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीको नेतृत्वको ४ सदस्यीय प्रतिनिधिमण्डललाई स्वीकृति दिने।

९. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय: ढल्केबर-बालगंगा १३२ के.भी. प्रसारण लाइन निर्माणको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने।

१०. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय: कोहलपुर वितरण केन्द्रको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने ।

११. गृह मन्त्रालय: विष्फोटक पदार्थ (दोस्रो संशोधन) नियम, २०८० स्वीकृत गर्ने।

१२. परराष्ट्र मन्त्रालय: बंगलादेशमा आयोजना हुने छैटौं हिन्द महासागर सम्मेलन (6th Indian Ocean Conference-IOC 2023) का लागि माननीय परराष्ट्र मन्त्रीको नेतृत्वमा तीन सदस्यीय प्रतिनिधिमण्डल गठन गर्ने ।

१३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय: बेल्जियममा आयोजना हुने GPE को Board of Directors को बैठकमा सचिव (शिक्षा) लाई भाग लिन स्वीकृति दिने ।

१४. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय: दक्षिण कोरियामा आयोजना हुने कार्यक्रममा भाग लिन मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने ।

१५. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: लुम्बिनी गार्डेन फाउण्डेशनले म्यान्मारबाट प्राप्त हुने जेड धातुबाट निर्मित बुद्ध मुर्ति नेपाल ल्याउँदा लाग्ने कर भंसार महशुल छुट गर्ने ।

१६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: स्वाथ्य सेवा एघारौं तहका डा.राम पदारथ विच्छाको राजीनामा स्वीकृत गर्ने ।

१७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय: "सहकारी क्षेत्र सुधार कार्यदल, २०८० अवधारणा-पत्र" स्वीकृत गरी राष्ट्रिय योजना आयोगका माननीय सदस्यको संयोजकत्वमा सहकारी क्षेत्र सुधार सुझाव कार्यदल गठन गर्ने ।

१८. सहरी विकास मन्त्रालय: नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवं पुँजी पुनःसंरचनासम्बन्धी रणनैतिक पत्र स्वीकृत गर्ने ।

१९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: नेपाल व्यापार एकीकृत रणनीति, २०७९ स्वीकृत गर्ने ।

२०. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री रेवती रमण पौडेललाई बढुवा गरी वन तथा वातावरण मन्त्रालयको सचिव पदमा पदस्थापन गर्ने।

२१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: धितोपत्र बजार सञ्चालनका लागि सङ्गठित संस्था स्थापना गर्न अनुमतिपत्र जारी गर्ने कार्य हाललाई अघि नबढाउन अर्थ मन्त्रालयमार्फत नेपाल धितोपत्र बोर्डलाई निर्देशन दिने।

२२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/१/५ को बैठकबाट राष्ट्रिय परिचय तथा पञ्जीकरण विभागबाट निजी सेवा प्रदायकमार्फत् राष्ट्रिय परिचय प्रणालीमा भएको नागरिकको व्यक्तिगत विवरण प्रमाणीकरण गराउने गरी इजाजत प्रदान गरिएको विषयमा अध्ययन गर्न गठित समितिका सदस्य हेरफेर तथा थप गर्ने र उक्त समितिलाई दिइएको कार्यशर्त थप गर्ने ।

२३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका श्री रविन्द्रनाथ श्रेष्ठ लगायतका चार अधिकृतहरुको सरुवा गर्ने ।